'भारत पाकिस्तानसँगको सम्बन्ध सामान्य बनाउन तत्पर छ'

■ एजेन्सी
नयाँदिल्ली, साउन २३

भारतले पाकिस्तानसँगको सम्बन्धलाई सामान्य बनाउन तत्पर रहेको बताएको छ । आतङ्कवाद र हिंसामुक्त वातावरण बनेमा द्विपक्षीय मैत्रीमा विमति नहुने नयाँदिल्लीले स्पष्ट गरेको छ । हालै इस्लामाबादमा खनिज शिखर सम्मेलनको उद्घाटन समारोहलाई सम्बोधन गर्दै पाकिस्तानका प्रधानमन्त्री शहबाज सरिफले राष्ट्र निर्माणका लागि आफू छिमेकीसँग वार्ता गर्न तयार रहेको बताएपछि त्यसको जवाफमा भारतले हिंसामुक्त वातावरण निर्माणमा जोड दिएको हो ।

भारतको विदेश मन्त्रालय (एमईए)का प्रवक्ता अरिन्दम बागचीले भारत पाकिस्तानसँग मैत्रीपूर्ण सम्बन्ध चाहन्छ तर त्यस्तो सम्बन्धका लागि आतङ्कवाद र हिंसामुक्त वातावरण बन्नुपर्नेमा जोड दिए । उनले भने, 'पाकिस्तानी प्रधानमन्त्रीको अभिव्यक्तिबारे हामी जानकार छौं यससम्बन्धमा भारतको स्पष्ट र सुसङ्गत अडान सबैलाई अवगत छ, हामी पाकिस्तानसहित हाम्रा सबै छिमेकी देशसँग सामान्य सम्बन्ध कायम गर्न चाहन्छौं तर त्यसका लागि आतङ्क र शत्रुतामुक्त वातावरण अपरिहार्य छ ।'

सन् १९४७ मा स्वतन्त्र भएदेखि नै दुई देशबीचको तनावपूर्ण सम्बन्धको इतिहास भए पनि पाकिस्तानी प्रधानमन्त्री सरिफले राष्ट्रले झेल्नुपरेको आर्थिक कठिनाइलगायत समस्या सामना गर्न भारतसँगको वार्तालाई जोड दिएका हुन् । गरिबी, बेरोजगारी, वित्त, शिक्षा, स्वास्थ्य र जनकल्याणका निम्ति आवश्यक स्रोतको अभावमा छिमेकीसँग सधैं वैरभावका साथ बस्न नहुने निष्कर्षका साथ उनले वार्ता गर्न आफू नेतृत्वको सरकार तत्पर रहेको बताएका हुन् ।

'हाम्रा छिमेकीसँग हामी वार्ता गर्न तयार छौं, यदि छिमेकी गम्भीर विषयमा टेबलमा बस्न राजी भएमा त्यो असम्भव छैन । पाकिस्तान एक आणविक शक्ति हो यसलाई हामीले आक्रमणका लागि नभई आफ्नो रक्षाका लागि विकास गरेका हौं', बितेका ७५ वर्षमा तीनवटा युद्ध लडेको देशका प्रधानमन्त्रीले भारतसँग सबै समस्याको समाधान छलफल र सम्वादका माध्यमबाट खोज्नुपर्ने उल्लेख गर्दै भने ।

आणविक होडबाजीको सट्टा आर्थिक प्रतिस्पर्धा गर्नु दुवै देशका निम्ति श्रेयस्कर हुने तर्क गर्दै प्रधानमन्त्री सरिफले आपसी चासो र विवादका विषयको निरूपण शान्तिपूर्ण छलफलबाट नगरेसम्म दुवै देश सामान्य छिमेकी हुन नसक्ने उनले बताए । यसअघि पनि पाकिस्तानी प्रधानमन्त्रीले भारतसँग वार्ता गर्न आफ्नो सरकार इच्छुक रहेको जनउँदै 'कसैका विरूद्धमा कोही' नभएको बताए ।

पाकिस्तानको स्थापना भएदेखि नै दुई देशबीचको सम्बन्ध कहिल्यै पनि सामान्य हुन सकेको छैन । भारतले पाकिस्तानमाथि सधैं सीमापार आतङ्कवादलाई प्रश्रय दिएको आरोप लगाउँदै आतङ्कवादका बीचमा वार्तालाई निरन्तरता दिन नसकिने अडान दोहोऱ्याउँदै आएको छ ।

सन् २०१९ को अगस्ट ४ मा जम्मुकश्मीरको विशेष दर्जा खारेज गरी त्यसलाई (जम्मुकश्मीर र लद्दाख) दुई केन्द्र शासित प्रदेशमा विभाजन गर्ने भारत सरकारको निर्णयको विरोधमा इमरान खान नेतृत्वको सरकारले पाकिस्तानका लागि भारतका राजदूतलाई निष्कासन गरेको थियो । उक्त कारबाहीसँगै द्विपक्षीय व्यापार पनि अवरूद्ध भएको छ ।

चीनको विदेशी मुद्रा सञ्चिति बढ्यो

■ एजेन्सी
चीन, साउन २३

जुलाईमा चीनको विदेशी मुद्रा सञ्चिति बढेको छ । चीनको विदेशी मुद्रा सञ्चिति जुलाईको अन्त्यमा शून्य दशमलव ३५ प्रतिशतले बढेर ३ दशमलव २०४ ट्रिलियन डलर पुगेको छ । स्टेट एड्मिनिस्ट्रेसन अफ फरेन एक्सचेन्ज (सेफ)द्वारा जारी तथ्यांकले विदेशी मुद्रा सञ्चिति बढेर बाह्य क्षेत्र मजबुत देखाएको हो ।

जुलाईमा, मौद्रिक नीति र प्रमुख अर्थतन्त्रको अपेक्षा, विश्व समष्टि आर्थिक डेटा र अन्य कारकहरूबाट प्रभावित भएको, अमेरिकी डलर सूचकांक घटेको र विश्वव्यापी वित्तीय सम्पत्ति मूल्यहरु बढेका कारण विदेशी मुद्रा सञ्चिति बढेको बताइएको छ । विनिमयदर र सम्पत्ति मूल्य परिवर्तन भएका कारण जुलाईमा चीनको विदेशी मुद्रा सञ्चितिमा सुधार आएको सेफले जनाएको छ ।

चीनको अर्थतन्त्रमा ठूलो लचिलोपन र विकासको सम्भावना भएको र यसको दीर्घकालीन सकारात्मक आधारभूत कुराहरु परिवर्तन नभएकाले पनि विदेशी मुद्रा सञ्चितिमा आधारभूत स्थिरता कायम राख्न अनुकूल भएको बताइएको छ ।

पाकिस्तानको संघीय सरकार विघटन हुने

पाकिस्तान साउन २३ । पाकिस्तानी प्रधानमन्त्री शाहबाज शरीफले देशको संघीय सरकार अगस्ट ९ मा विघटन हुने बताएका छन् । उनले सोबारे मंगलबार जानकारी दिँदै त्यसपछि अर्को आम चुनावसम्म कामचलाउ हैसियतमा जिम्मेवारी लिने पनि बताएका छन् ।

निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

ग्लोबल आइएमई बैंकको अर्घाखाँची शाखामा बचत खाता खोली कारोबार गर्दै आउनु भएका गोरे सार्कीको मिति २०८०/०३/०३ मा मृत्यु भएकोले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमती कृष्णा सार्कीबाट मिति २०८०/०४/१० मा निवेदन प्राप्त भएको छ । उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखामा हकदावी गर्न आउनुहोला । सो म्यादभित्र दावी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
अर्घाखाँची शाखा
फोन नं.: ०७७-४२०७५४
ग्लोबल कनेक्ट : ०१-५९७०६००

standard chartered

निक्षेपकर्ता ग्राहक महानुभावहरूलाई रकम दाबी गर्ने अत्यन्त जरूरी सूचना

यस बैंकमा विभिन्न मितिमा चल्ती तथा बचत खाता खोली विगत लामो समयदेखि सञ्चालन नभएका खाता सम्बन्धमा सम्बन्धित खाताधनी ग्राहक महानुभावहरूलाई आफ्नो परिचय खुल्ने कागजात सहित त्यस्ता खातामा भएको रकम बैंकको नजिकको शाखा कार्यालय मार्फत दावी गर्नुहुन आग्रह गर्दछौं । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ११२ बमोजिम २० बर्ष सम्म दावी नपरेको रकम नेपाल राष्ट्र बैंकको बैकिङ्ग विकास कोषमा जम्मा गर्नुपर्ने व्यवस्था भए बमोजिम त्यसरी सम्बन्धित ग्राहकको दावी नपरेको रकम उक्त खातामा जम्मा गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराउँदछौं ।

यस सम्बन्धमा थप जानकारीका लागि बैंकको २४ सै घण्टा सुचारू रहने बैंकको ग्राहक सेवा केन्द्रको फोन नं. ०१-४७९१८००, ०१-५४२४१९८ मा सम्पर्क गर्नुहुन वा बैंकको बेवसाईट www.sc.com/np हेर्नुहुन समेत आग्रह गर्दछौं ।

स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड

संस्थाको ठेगाना परिवर्तन भएको सूचना

यस नेपाल मिसन बहुउद्देश्यीय सहकारी संस्था लि. साविकको स्थान कुमारीपाटी वडा नं. २० बाट वडा नं. १९ कुमारी बैंकको छेउमा ठाउँसारी भएको हुदा सम्पूर्ण सदस्य महानुभावहरूमा यसै सूचना मार्फत जानकारी गराउदछौं ।

नेपाल मिसन बहुउद्देश्यीय सहकारी संस्था लि.
फोन नं. ०१-५५०२०४१/२

नाम परिवर्तन सम्बन्धी सूचना

कम्पनी रजिष्ट्रारको कार्यालयमा अथर्व हेल्थ क्लिनिक प्रा.लि. (दर्ता नं.९४६८२ को मिति २०८०।०३।१७ को बिशेष साधारण सभाको निर्णयले कम्पनीको सम्पूर्ण स्वामित्व तथा दायित्व सकार्ने व्यहोर्ने गरी साविक नाम अथर्व हेल्थ क्लिनिक प्रा.लि. लाई परिवर्तन गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०।०३।२२ को निर्णयानुसार अथर्व हेल्थ कन्सल्टेन्टस् प्रा.लि. (प्रा.लि.नं.२१४८७२) कायम भएको व्यहोरा सरोकार वाला सबैलाई जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

सूचना कर्ता:
साविक : अथर्व हेल्थ क्लिनिक प्रा.लि.
हाल : अथर्व हेल्थ कन्सल्टेन्टस् प्रा.लि.
ठेगाना : प्रधान कार्यालय ल.उ.म.न.पा.वडा.नं.१५ ललितपुर
सम्पर्क : ०१५३४६५३२

जानकी फाइनान्स कम्पनी लिमिटेड
Janaki Finance Company Ltd.

Janakpurdham, Nepal
Phone: 041-590586, 041-590587
Email: info@jfcjanakpur.com
Web.; www.jfcjanakpur.com

Unaudited Financial Results (Quarterly)

As on Quarter Ended 31st Ashadh, 2080

Condensed Statement of Financial Position (Quarterly)
As on Quarter Ended 31st Ashadh, 2080

Figures in NPR

Particulars	This Quarter ending	Immediate Previous year ending
Assets		
Cash and cash equivalent	1,379,292,400.95	1,183,093,587.96
Due from Nepal Rastra Bank	201,744,513.81	88,668,405.64
Placement with Bank and Financial Institutions	-	-
Derivative financial instruments	-	-
Other trading assets	-	-
Loan and Advances to B/FIs	43,566,992.52	16,518,899.09
Loans and advances to customers	3,146,828,426.37	2,708,113,224.48
Investment in securities	44,031,500.00	44,031,500.00
Current Tax Assets	38,311,119.92	10,345,588.26
Investment in subsidaries	-	-
Investment in Associates	-	-
Investment property	967,880.00	967,880.00
Property and equipment	49,059,772.18	26,108,696.75
Goodwill and Intangible Assets	2,856,397.35	1,984,233.88
Deferred tax assets	83,021,861.85	83,021,861.85
Other assets	316,514,639.55	4,726,073.60
Total Assets	**5,306,195,504.50**	**4,167,579,951.51**
Liabilities and Equity		
Liabilities:		
Due to Bank and Financial Institutions	92,039,581.51	54,061,369.93
Due to Nepal Rastra Bank	-	-
Derivative Financial instruments	-	-
Deposit from customers	3,489,171,028.01	3,279,971,988.48
Borrowings	-	-
Current Tax Liabilities	-	-
Provisions	-	-
Deferred tax liabilities	-	-
Other liabilities	945,144,565.69	57,540,772.37
Debt securities issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**4,526,355,175.21**	**3,391,574,130.78**
Equity:		
Share Capital	690,472,800.00	690,472,800.00
Share premium	-	-
Retained earning	(209,421,439.13)	-213,569,497.69
Reserves	298,788,968.42	299,102,518.42
Total equity attributabe to equity holders	**779,840,329.29**	**776,005,820.73**
Non-controlling interests	**-**	**-**
Total equity	**779,840,329.29**	**776,005,820.73**
Total Equity & Liabilities	**5,306,195,504.50**	**4,167,579,951.51**

Condensed Statement of Profit or Loss
As on Quarter Ended 31st Ashadh, 2080

Particulars	Current Year		Previous year Corresponding	
	This Quarter	Up to this Quarter (YTD)	This Quarter	Up to this Quarter (YTD)
Interest Income	106,929,496.77	536,159,848.38	119,657,251.45	442,511,476.33
Interest Expense	98,832,344.38	375,326,599.89	79,742,762.87	275,113,733.99
Net interest income	**8,097,152.39**	**160,833,248.49**	**39,914,488.58**	**167,397,742.34**
Fees and Commission Income	2,350,420.62	5,091,810.38	4,381,170.30	13,398,871.12
Fees and Commission Expense				-
Net fee and Commission income	**2,350,420.62**	**5,091,810.38**	**4,381,170.30**	**13,398,871.12**
Net interest fee and commission income	**10,447,573.01**	**165,925,058.87**	**44,295,658.88**	**180,796,613.46**
Net Trading Income	-	-	-	-
Other Operating Income	2,346,138.81	6,249,932.56	7,636,671.37	12,873,376.37
Total operating income	**12,793,711.82**	**172,174,991.43**	**51,932,330.25**	**193,669,989.83**
Impairment charge/(reversal) for loans and other losses	21,083,071.82	124,031,631.96	268,706,079.03	315,950,534.94
Net Operating income	**-8,289,360.00**	**48,143,359.47**	**-216,773,748.78**	**-122,280,545.11**
Personnel Expense	3,356,896.05	17,941,814.20	6,293,807.67	18,333,626.45
Other Operating Expenses	2,891,918.79	19,110,849.85	3,552,460.32	13,864,017.10
Depreciation and amortisation	1,532,779.55	5,371,671.94	1,477,351.98	5,909,407.92
Operating expenses	**7,781,594.39**	**42,424,335.99**	**11,323,619.97**	**38,107,051.47**
Net operating Profit	**-16,070,954.39**	**5,719,023.48**	**-228,097,368.75**	**-160,387,596.58**
Non operating income	74,652.70	206,774.46	-	160,000.00
Non operating expense	-	-	-	-
Profit before income tax	**-15,996,301.69**	**5,925,797.94**	**-228,097,368.75**	**-160,227,596.58**
Income tax expense	-	1,777,739.38	-	-47,407,417.96
Current tax	-	1,777,739.38	-	36,109,010.45
Deferred tax	-	-	-	-83,516,428.41
Profit for the year	**-15,996,301.69**	**4,148,058.56**	**-228,097,368.75**	**-112,820,178.62**

Condensed Statement of Comprehensive Income

Particulars	Current Year		Previous year Corresponding	
	This Quarter	Up to this Quarter (YTD)	This Quarter	Up to this Quarter (YTD)
Profit for the period	-15,996,301.69	4,148,058.56	-228,097,368.75	-112,820,178.62
Other comprehensive income:	-	-	-	-
Total comprehensive income	**-15,996,301.69**	**4,148,058.56**	**-228,097,368.75**	**-112,820,178.62**
Basic Earning Per Share	-	0.60	-	-16.34
Diluted Earning Per Share	-	0.60	-	-16.34
Profit attributable to:				
Equity holders of the bank	-15,996,301.69	4,148,058.56	-228,097,368.75	-112,820,178.62
Non-controlling interests	-	-	-	-
Total	**-15,996,301.69**	**4,148,058.56**	**-228,097,368.75**	**-112,820,178.62**

Ratios as per NRB Directives

Particulars	Current Year		Previous year Corresponding	
	This Quarter	Up to this Quarter (YTD)	This Quarter	Up to this Quarter (YTD)
Capital Fund to RWA		17.48%		14.98%
Non-Performing Loan (NPL) to Total Loan		18.65%		16.67%
Total Loan Loss Provision to Total NPL		97.93%		82.56%
Cost of Funds		11.12%		10.41%
Credit to Deposit Ratio		85.12%		83.07%
Base Rate		13.48%		12.07%
Interest Rate Spread		4.54%		4.23%

Notes to Financial Statement

1. Above Financial statements are prepared in accordance with the Nepal Financial Reporting Standards (NFRS) and certain carve-outs as issued by ICAN.
2. These figures may vary with the audited figures at the instance of external auditor and regulator.
3. Figures have regrouped and rearranged whenever necessary.
4. Loans & advances consist of accrued interest receivable net of interest suspense and have been presented in net of any impairment charges Impairment charge on loans and advances have been taken as calculated as per NRB Directives using Carve-Outs no.5 issued by Institute of Chartered Accountants of Nepal (ICAN) being higher of impairment charges calculated as per NAS 39.
5. Loans and Advances to customers include loan to customers and loan to employees which have been measured at amortized cost.
6. Personnel expenses include employee bonus provision and amortization of the deferred employee benefits of subsidized loans provided as per employee by laws of the Financial Institution.
7. NFRS adjustments which are subject to regulatory adjustments as per NRB Directives have been shown as regulatory adjustments.
8. The detailed Interim report has been published in the Financial Institution website www.jfcjanakpur.com

(धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) अनुसूची १४ संग सम्बन्धित त्रैमासिक प्रतिवेदन

(चौथो त्रयमास, २०७९/८०)

१. **वित्तीय विवरण:**

क. **त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण:**
आर्थिक वर्ष २०७९/८० को चौथो त्रैमासिक अवधिको अपरिष्कृत (Unaudited) वासलात तथा नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ र यस वित्तीय संस्थाको वेभसाइटः http//www.jfcjanakpur.com मा पनि राखिएको छ ।

ख. **प्रमुख वित्तीय अनुपातहरु:**

खुद नाफा कुल आम्दानी प्रतिशत	०.७६	प्रति शेयर आम्दानी (बार्षिक)	०.६०
मूल्य आम्दानी अनुपात	६८०.८१	प्रति शेयर नेटवर्थ	११२.९४
प्रति शेयर कुल सम्पत्तिको मूल्य	७६८.४९	तरलता अनुपात	१७.४८

२. **व्यवस्थापकीय विश्लेषण:**

क. यस वित्तीय संस्थाको हाल सम्मको समग्र व्यवसायिक तथा वित्तीय स्थिति ठीक नै रहेको छ । यस वित्तीय संस्थाले व्यवसायको विकास र विस्तारका लागि नयाँ नयाँ योजना र कार्यक्रमको खोजी गर्ने क्रममा लगानीका क्षेत्रहरुको विस्तार, व्यवसायिक संजालको वृद्धि, विविधिकरण र गुणस्तरीय सेवा प्रदान गर्ने उद्देश्य लिई सोहि बमोजिम कार्य सम्पादन गर्दै आएको छ । यस समीक्षा अवधिमा वित्तीय संस्थाको निक्षेप संकलन उत्साहजनक रहेको, कर्जा लगानी तथा कर्जा असुली ठीक रहेको, प्रति शेयर आम्दानी र प्रति शेयर नेटवर्थ सकारात्मक रहेको र आउदो आ.व.मा यी सूचकहरु अझ सुदृढ हुने व्यवस्थापनको अनुमान रहेको छ ।

ख. आगामी दिनहरुमा गुणस्तरीय सेवा वृद्धि गर्नुका साथै समय सापेक्ष व्यवसायिक योजनाको तर्जुमा तथा कार्यान्वयन गर्ने, लगानीका नयाँ क्षेत्रहरुको खोजी गर्ने, नयाँ शाखाहरुको स्थापना गर्ने र व्यवसायिक विविधीकरण तथा ग्राहकको चाहना बमोजिम आधुनिक बैंकिङ्ग तथा वित्तीय सेवा तथा सुविधाहरु उपलब्ध गराउने जस्ता कुराहरुमा वित्तीय संस्थाको व्यवस्थापन प्रतिवद्ध छ ।

ग. यस वित्तीय संस्थाको मौज्दात र नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था समीक्षा अवधिमा नरहेको ।

३. **कानूनी कारवाही सम्बन्धी विवरण:**

क. यस त्रैमासिक अवधिमा वित्तीय संस्थाले कसैको विरुद्धमा कुनै मुद्धा दायर नगरेको र वित्तीय संस्था विरुद्ध बैंकिङ्ग कारोवार वाहेक अन्य मुद्धा दायर भएको कुनै पनि सूचना प्राप्त नभएको ।

ख. वित्तीय संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्धा दायर भएको जानकारीमा नआएको ।

ग. कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्धा दायर भएको जानकारीमा नरहेको ।

४. **वित्तीय संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:**

क. नेपाल स्टक एक्सचेन्ज लि. तथा धितोपत्र बोर्डको सुपरीवेक्षण व्यवस्थाको अधिनमा रहि कारोबार रहेको ।

ख. यस अवधिमा शेयरको अधिकत्तम, न्यूनत्तम, अन्तिम मूल्य कारोबार भएको कुल दिन तथा कारोबार संख्या (नेपाल स्टक एक्सचेन्ज लि. को वेभसाइट अनुसार) :

अधिकतम मूल्य	४२९.८०	कारोबार भएको कुल दिन	६२
न्यूनत्तम मूल्य	३३६.००	कारोबार संख्या	६५५,३८६
अन्तिम मूल्य	४०९.००		

५. **समस्या तथा चुनौती:**
वित्तीय क्षेत्रमा भएको बढदो प्रतिस्पर्धा, तरलता व्यवस्थापन, लगानीयोग्य उत्पादनशील क्षेत्रको अभाव, दक्ष जनशक्तिको व्यवस्थापन, न्यून आर्थिक वृद्धिदर, घरजग्गाको कारोवारमा आएको मन्दी आदिवाट श्रृजना हुनसक्ने जोखिमलाई कम्पनीले समस्या तथा चुनौतीको रुपमा लिएको छ । काबु भन्दा वाहिरका परिस्थिति वाहेक उपरोक्त चुनौती तथा समस्या समाधान गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त दुरुस्त गरी ग्राहकमुखी सेवा प्रदान गर्ने तथा दक्ष जनशक्ति व्यवस्थापन गर्ने रणनीति कम्पनीले लिएको छ ।

६. **संस्थागत सुशासन:**
यस वित्तीय संस्थाले संस्थागत सुशासन सम्बन्धी नेपाल राष्ट्र बैंक लगायत सम्वन्धित नियमनकारी निकायहरुवाट प्राप्त मार्ग निर्देशनहरु उच्च प्राथमिकताका साथ पालना गर्दै आएको छ । वित्तीय संस्थाको सुशासन अभिवृद्धि एवं वित्तीय संस्थाले गर्ने कार्यहरु पारदर्शी एवं नियम संगत गर्नका लागि सञ्चालक समिति, लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति र कर्मचारी व्यवस्थापन तथा सेवा सुविधा समिति क्रियाशील रहेको छ । आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्न आन्तरिक लेखापरीक्षक नियुक्त गरिएको र आन्तरिक लेखापरीक्षण गरी लेखापरीक्षकले दिएको सुझाव तथा सल्लाहहरु व्यवस्थापन मार्फत कार्यान्वयन तथा समीक्षा गर्न लेखापरीक्षण समिति क्रियाशील रहेको छ । वित्तीय संस्थाको कारोवारलाई व्यवस्थित गर्न आन्तरिक नीति, नियम तथा निर्देशनहरु तर्जुमा गरी लागू गरिएको छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण:**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन ।